# लोडसेडिङ्ग न्यूनीकरण कार्ययोजना - २०६९

| मूल कार्यक्रम | कार्यक्रम | समय तालिका | जिम्मेदार निकाय/पदाधिकारी | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| **नेपाल विद्युत प्राधिकरणमा रहेका तापिय विद्युत उत्पादन केन्द्र संचालन गरी दैनिक ६०० मे.वा. घण्टा ऊर्जा आपूर्ति गर्ने। (६ लाख युनिट)** | १. नेपाल विद्युत प्राधिकरणका तापिय विद्युत उत्पादन केन्द्रहरु ६ महिनासम्म दैनिक १५ घण्टा ४० मे.वा. मा सञ्चालनमा ल्याउने। | २०६९ मंसिर १५ भित्र | श्री केशव राज भट्ट महाप्रबन्धक, उत्पादन संचालन तथा सम्भार* | | अनुगमनको प्रभावकारी व्यवस्था गर्ने |
| | २. उक्त केन्द्रहरु संचालन गर्न इन्धन आपूर्तिको भरपर्दो व्यवस्था मिलाउने। | २०६९ मंसिर १५ भित्र | श्री केशव राज भट्ट महाप्रबन्धक, उत्पादन संचालन तथा सम्भार* | वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, ऊर्जा मन्त्रालय | |
| **विद्यमान क्रस बोर्डर प्रसारण लाइनहरु मार्फत भारतबाट दैनिक ३१५० मे.वा.घण्टा उर्जा आयात गर्ने। (३१ लाख ५० हजार युनिट)** | १. आवश्यक विद्युत खरीद बिक्री सम्झौता गर्ने। | २०६९ कार्तिक मसान्त भित्र | श्री राजेश्वर मान सुल्या महाप्रबन्धक, प्रसारण तथा प्रणाली संचालन* | उर्जा मन्त्रालय | ७०-८० मेगावाट विद्युत आयात गर्दा थप बिजुलीको महसुल समायोजन गर्नुपर्ने भएकोले नेपाल सरकारबाट फरक रकम व्ययभार वहन गर्नुपर्ने |
| **नयाँ बन्ने क्रस बोर्डर प्रसारण लाइन मार्फत भारतबाट दैनिक १३५० मे.वा.घण्टा उर्जा आयात गर्ने। (१३ लाख ५० हजार युनिट)** | १. कटैया देखि कुसाहासम्मको १३२ के.भी. प्रसारण लाइनको निर्माण द्रुत गतिमा सम्पन्न गर्ने। | २०६९ माघ मसान्त भित्र | श्री गणेश प्रसाद राज महाप्रबन्धक, ग्रीड विकास * | गृह मन्त्रालय, ऊर्जा मन्त्रालय | प्रचलित कानूनमा रहेको खरिद प्रक्रियामा छोटो अवधि राखी टेण्डर आव्हान गर्ने |
| | २. यस कामका लागि नेपाल सरकारबाट पावर ग्रीड कर्पोरेशन इन्डियालाई वार्ता गरी निर्माण गर्न लगाउने, वातावरणीय मूल्यांकन (EIA/IEE) सम्बन्धी कार्य पनि निर्माण कार्य सँगसँगै सम्पन्न गर्ने तथा जग्गा अधिकरण सम्बन्धी कार्य छोटो अवधिमा सम्पन्न गर्ने। | २०६९ आश्विन मसान्तभित्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय योजना आयोग, वन तथा भू-संरक्षण मन्त्रालय, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय, गृह मन्त्रालय र ऊर्जा मन्त्रालय | |
| | ३. यस कामका लागि रु. ३२ करोड रकम व्यवस्था गर्ने। | २०६९ आश्विन मसान्त भित्र | अर्थ मन्त्रालय | | |

| मूल कार्यक्रम | कार्यक्रम | समय तालिका | जिम्मेदार निकाय/पदाधिकारी | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | ४. निर्माण सम्पन्न भए पछि विद्युत आपूर्ति हुने गरि खरिद सम्झौता गर्ने | निर्माणको प्रगति अनुसार | श्री राजेश्वर मान सुल्या महाप्रबन्धक, प्रसारण तथा प्रणाली संचालन* | उर्जा मन्त्रालय, अर्थ मन्त्रालय | |
| **नेपाल विद्युत प्राधिकरणको प्रणालीको हालको प्राविधिक चुहावट घटाउनुको साथै प्रणालीको विश्वसनियता (Reliability) बढाउने कार्य गर्ने ।** | १. निर्माणाधिन प्रसारण लाइनहरु खिम्ति-ढल्केबार तथा थानकोट-चापागाउ-भक्तपुर खण्डको निर्माण कार्य सम्पन्न गर्ने । | २०६९ माघ मसान्त भित्र | श्री गणेश प्रसाद राज महाप्रबन्धक, ग्रीड विकास * | गृह मन्त्रालय, ऊर्जा मन्त्रालय | |
| | २. नेपाल सरकारले सो कार्यको लागि आवश्यक सुरक्षा तथा अन्य सहयोग गर्ने । | कार्य सम्पन नभएसम्म | ऊर्जा मन्त्रालय | गृह मन्त्रालय, ऊर्जा मन्त्रालय | |
| **माग व्यवस्थापन (Demand Side Management) विधिद्वारा प्रणालीको लोड घटाउने/विस्थापन गर्ने** | १. कार्यालयहरुमा विद्युतीय उपकरण (हिटर, एयरकण्डिसन) को प्रयोग कम गर्ने । | २०६९ आश्विन मसान्त भित्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सबै मन्त्रालयहरु | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | २. विद्युत गृहहरुको नजिकैको क्षेत्रहरुमा लोड सेडिङ्गलाई कडाईका साथ लागू गर्न सम्बन्धित जिल्ला प्रशासनलाई उत्तरदायी बनाउने । | २०६९ कार्तिक मसान्त भित्र | गृह मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ऊर्जा मन्त्रालय | |
| | ३. २०६९ कार्तिक १५ गतेदेखि साप्ताहिक ५ दिन कार्यालय सञ्चालन गर्ने (शनिबार र आइतबार बिदा गर्ने) । | २०६९ कार्तिक १५ गतेदेखि लागु गर्ने | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामान्य प्रशासन मन्त्रालय, गृह मन्त्रालय | सबै मन्त्रालयहरु | लोडसेडिङ अन्त नहुन्जेलसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं अन्य अत्यावश्यक सेवा अन्तर्गतका निकायमा बाहेक अन्य निकायमा २ दिने बिदाको प्रावधान कायम गर्ने जसले वातावरण प्रदुषण समेत कम गर्न सघाऊ पुग्ने |

| मूल कार्यक्रम | कार्यक्रम | समय तालिका | जिम्मेदार निकाय/पदाधिकारी | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | ४. अत्यधिक विद्युत चुहावट हुने क्षेत्रहरुमा दण्ड स्वरुप थप लोडसेडिङ् लागू गर्ने । | २०६९ कार्तिकभित्र नीति सार्वजनिक गर्ने | श्री राजेश्वर मान सुल्या, महाप्रबन्धक, प्रसारण तथा प्रणाली संचालन* | श्री महाप्रबन्धकद्वय चिरञ्जिवी शर्मा पौडेल, उपेन्द्र देब भट्ट, वितरण तथा ग्राहक सेवा, नेपाल विद्युत प्राधिकरण* | |
| | ५. विद्युतको अनाधिकृत प्रयोग गरे बापत कारवाही गरी ३% चुहावट नियन्त्रण गर्ने । औद्योगिक कोरिडोर र ठूला ग्राहकलाई विशेष ध्यान दिने । | वर्षान्तसम्म नियमित गर्ने | श्री महाप्रबन्धकद्वय, चिरञ्जिवी शर्मा पौडेल उपेन्द्र देब भट्ट वितरण तथा ग्राहक सेवा, नेपाल विद्युत प्राधिकरण* | गृह मन्त्रालय | |
| | ६. लाइट एमिटिङ डायोड (LED) बत्तिको प्रयोगलाई प्रोत्साहन गर्ने । | २०६९ कार्तिक मसान्तदेखि | अर्थ मन्त्रालय | ऊर्जा मन्त्रालय | मूल्य अभिवृद्धि कर (VAT) र भन्सार महसुल छुट दिने |
| **नेपाल विद्युत प्राधिकरणको वित्तीय स्वास्थ्यमा नकारात्मक प्रभाव पर्न नदिने** | १. तापीय विद्युत केन्द्र संचालन गर्दा हुने घाटा रु. २ अर्ब ८० करोड तथा भारतबाट विद्युत आयात गर्दा नेपाल विद्युत प्राधिकरणलाई घाटा हुन जाने रु. २ अर्ब ६० करोड रुपैयाँ नेपाल सरकारले उपलब्ध गराउने । | आश्विन भित्र स्वीकृत गर्ने र नगद प्रवाहलाई व्यवस्थित गर्न कार्यतालिका बमोजिम निकासा गर्ने | अर्थ मन्त्रालय | ऊर्जा मन्त्रालय | |
| | २. नेपाल सरकारतर्फबाट फरक रकम (घाटा) मिनाहा गर्ने । | यथाशीघ्र | अर्थ मन्त्रालय | ऊर्जा मन्त्रालय | |
| **चिनी कारखानाको बगासबाट उत्पादित विद्युत खरीद गर्ने** | १. आवश्यक विद्युत खरीद बिक्री सम्झौता गर्ने । | २०६९ कार्तिक मसान्तभित्र | श्री राजेश्वर मान सुल्या महाप्रबन्धक, प्रसारण तथा प्रणाली संचालन* | ऊर्जा मन्त्रालय | |

| मूल कार्यक्रम | कार्यक्रम | समय तालिका | जिम्मेदार निकाय/पदाधिकारी | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| **डिजेल वा फर्नेस आयलबाट विद्युत आपूर्ति गर्ने:**<br>**(क) नेपाल विद्युत प्राधिकरणले स्वयम् प्लान्ट खरीद गर्ने**<br>**(ख) रेण्टल स्किम अन्तर्गत विद्युत खरीद गर्ने**<br>**(ग) मल्टिफ्यूल प्लान्ट निजी क्षेत्रसँग सहकार्य गरी सञ्चालन गर्ने**<br>**(घ) थर्मल प्लान्ट (कोइला) बाट विद्युत आपूर्ति गराउन आव्हान गर्ने** | १. २०० मेगावाटसम्म आवश्यक रहेकोमा सुरुमा २५ मेगावाट कनेक्सन गर्ने गरि आवश्यक विद्युत खरीद बिक्री सम्झौता गर्ने । | २०६९ कार्तिक मसान्तभित्र | श्री राजेश्वर मान सुल्या महाप्रबन्धक, प्रसारण तथा प्रणाली संचालन* | उर्जा मन्त्रालय | ऊर्जा मन्त्रालय/ नेपाल विद्युत प्राधिकरणबाट एक महिनाभित्र सम्बन्धित प्रस्तावहरु माग गर्ने जसमा छोटो अवधि राखेर टेण्डर आव्हान गर्ने |
| | २. वातावरण संरक्षण नियमावलीको अनुसूचि १ र अनुसूचि २ मा उल्लेखित जडित क्षमताको सिमा (थ्रेसहोल्ड) संशोधन गर्ने । | २०६९ कार्तिक मसान्तभित्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | ऊर्जा मन्त्रालय/ नेपाल विद्युत प्राधिकरणबाट एक महिनाभित्र सम्बन्धित प्रस्तावहरु माग गर्ने जसमा छोटो अवधि राखेर टेण्डर आव्हान गर्ने |
| | ३. प्लान्ट स्थापना गर्न नेपाल विद्युत प्राधिकरणले जग्गा उपलब्ध गराउने । | २०६९ कार्तिक मसान्तभित्र | नेपाल विद्युत प्राधिकरण | ऊर्जा मन्त्रालय | ऊर्जा मन्त्रालय/ नेपाल विद्युत प्राधिकरणबाट एक महिनाभित्र सम्बन्धित प्रस्तावहरु माग गर्ने जसमा छोटो अवधि राखेर टेण्डर आव्हान गर्ने |
| | ४. नेपाल विद्युत प्राधिकरणले व्यर्होनु पर्ने रकम नेपाल सरकारले शोध भर्ना दिने । | २०६९ कार्तिक मसान्तभित्र | अर्थ मन्त्रालय | ऊर्जा मन्त्रालय | ऊर्जा मन्त्रालय/ नेपाल विद्युत प्राधिकरणबाट एक महिनाभित्र सम्बन्धित प्रस्तावहरु माग गर्ने जसमा छोटो अवधि राखेर टेण्डर आव्हान गर्ने |

| मूल कार्यक्रम | कार्यक्रम | समय तालिका | जिम्मेदार निकाय/पदाधिकारी | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | ५. नेपाल विद्युत प्राधिकरणले इन्धन आपूर्ति छिटो छरितो प्रक्रियाबाट खरिद गर्ने वा आवश्यक परे ओपन जनरल लाइसेन्स (OGL) मार्फत् झिकाउने । | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेपाल विद्युत प्राधिकरण | ऊर्जा मन्त्रालय, अर्थ मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय | छोटो प्रक्रियाद्वारा खरिद गर्ने |
| | ६. डिजेल प्लान्ट निर्माण कम्पनीसँग यथाशीघ्र ३० मेगावाटसम्मको र एक वर्षभित्र २०० मेगावाटको डिजेल प्लान्ट छोटो प्रक्रियाबाट खरिद गर्ने | ४ महिनाभित्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ऊर्जा मन्त्रालय, नेपाल विद्युत प्राधिकरण | ऊर्जा मन्त्रालय, अर्थ मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | उच्च गुणस्तरको सामान सार्वजनिक खरिद ऐन, २०६३ को छोटो प्रक्रियाद्वारा खरिद गर्ने प्रावधान बमोजिम गर्ने<br><br>तेल आपूर्ति र वातावरणीय प्रभाव मूल्यांकनको प्रक्रिया सरलीकृत गर्ने |
| **सौर्य ऊर्जा प्रणालीबाट विद्युत आपूर्ति गर्ने** | १. अस्पतालहरु, सिंहदरबार क्षेत्र, राष्ट्रपति निवास, प्रधानमन्त्री निवास, हनुमानढोका क्षेत्र, पशुपति विकास क्षेत्र, आर्मी हेड क्वाटर, प्रहरी प्रधान कार्यालय, सशस्त्र प्रहरी प्रधान कार्यालय आदिमा सौर्य ऊर्जा प्रणाली जडान गरी विद्युत आपूर्ति गर्ने । | २०६९ मंसिर मसान्तभित्र | नेपाल विद्युत प्राधिकरण, वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र, निजी क्षेत्र | ऊर्जा मन्त्रालय, अर्थ मन्त्रालय, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | ऊर्जा मन्त्रालय/ नेपाल विद्युत प्राधिकरणबाट एक महिनाभित्र प्रस्तावहरु माग गर्ने जसमा छोटो अवधि राखेर गर्ने |
| | २. नेपाल विद्युत प्राधिकरणमा सौर्य ऊर्जा निकाय खडा गर्ने । | २०६९ आश्विन मसान्तभित्र | नेपाल विद्युत प्राधिकरण | ऊर्जा मन्त्रालय | ऊर्जा मन्त्रालय/ नेपाल विद्युत प्राधिकरणबाट एक महिनाभित्र प्रस्तावहरु माग गर्ने जसमा छोटो अवधि राखेर गर्ने |

| मूल कार्यक्रम | कार्यक्रम | समय तालिका | जिम्मेदार निकाय/पदाधिकारी | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| **विद्युतका ठूला ग्राहकलाई सार्वजनिक बिदाको दिन फरक-फरक गर्न लगाउने** | १. औद्योगिक क्षेत्र, औद्योगिक ग्राहक, व्यापारिक प्रतिष्ठानहरुमा बिदाको दिन फरक गर्न लगाउने । | २०६९ भाद्र मसान्तभित्र | नेपाल विद्युत प्राधिकरण, औद्योगिक ग्राहक | ऊर्जा मन्त्रालय, उद्योग मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, गृह मन्त्रालय | लोडसेडिङ न्यूनीकरण गर्न र वातावरणीय प्रभाव न्यून गर्न |
| **नेपाल विद्युत प्राधिकरणको पुनर्संरचना गर्ने** | १. विद्युत प्रशारण तथा वितरण कम्पनीको स्थापना गर्ने । | २०६९ कार्तिक मसान्तभित्र | नेपाल विद्युत प्राधिकरण, ऊर्जा मन्त्रालय | अर्थ मन्त्रालय, उद्योग मन्त्रालय | |
| **दीर्घकालीन कार्ययोजनाअन्तर्गत जलाशययुक्त आयोजनाहरुको विकास प्रक्रिया अगाडि बढाउने** | १. आँधी खोला १८० मेगावाट | आगामी ८ वर्षभित्र | नेपाल विद्युत प्राधिकरण, निजी क्षेत्र | ऊर्जा मन्त्रालय | सार्वजनिक निजी साझेदारीबाट विकास गर्ने |
| | २. उत्तरगंगा ३०० मेगावाट | आगामी ८ वर्षभित्र | नेपाल विद्युत प्राधिकरण, निजी क्षेत्र | ऊर्जा मन्त्रालय | सार्वजनिक निजी साझेदारीबाट विकास गर्ने |
| | ३. नलसिंग गाड ४०० मेगावाट | आगामी ८ वर्षभित्र | नेपाल सरकार | ऊर्जा मन्त्रालय | विकास समिति गठन गर्ने |
| | ४. बुढी गण्डकी ६०० मेगावाट | आगामी ८ वर्षभित्र | नेपाल सरकार | ऊर्जा मन्त्रालय | विकास समिति गठन गर्ने |
| | ५. दुधकोशी ३५० मेगावाट | आगामी ८ वर्षभित्र | नेपाल विद्युत प्राधिकरण, निजी क्षेत्र | ऊर्जा मन्त्रालय | सार्वजनिक निजी साझेदारीबाट विकास गर्ने |
| | ६. पश्चिम सेती ७५० मेगावाट | आगामी ८ वर्षभित्र | नेपाल विद्युत प्राधिकरण, निजी क्षेत्र | ऊर्जा मन्त्रालय | सार्वजनिक निजी साझेदारीबाट विकास गर्ने |

| मूल कार्यक्रम | कार्यक्रम | समय तालिका | जिम्मेदार निकाय/पदाधिकारी | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| **आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा १ ले गरेको प्रावधान बमोजिम विद्युत सेवा/गृह, प्रसारण लाइन, वितरण प्रणालीको निर्माण तथा सञ्चालनसित सम्बन्धित कार्यहरु निर्वाध रुपमा सञ्चालन एवं निरन्तरताका लागि सबै प्रकारको शान्ति सुरक्षाको पूर्ण प्रत्याभूति दिने** | विद्युत गृह, प्रसारण लाइन, वितरण प्रणालीको निर्माण तथा सञ्चालनसित सम्बन्धित कार्यहरु निर्वाध रुपमा सञ्चालन एवं निरन्तरताका लागि सबै प्रकारले शान्ति सुरक्षाको पूर्ण प्रत्याभूति दिने र हड्ताल वा कार्यमा वाधा उत्पन्न गर्न नपाउने गरी आयोजनाको तोकिएको स्थानमा आवश्यक सेवा सञ्चालन ऐन, २०१४ लागु गरी सुरक्षासाथ कार्यहरु सम्पन्न गर्ने । | तत्काल | गृह मन्त्रालय | ऊर्जा मन्त्रालय | यस कार्यले हालको लोडसेडिङ घटाउन सघाउ पुग्ने भएकोले |

***६ महिनासम्म सरुवा नगर्ने नीति लिने ।**